Reliance Finance Limited
रिलायन्स फाइनान्स लिमिटेड
Pradarshani Marg, Kathmandu

_______________ Branch
शाखा

द.नं.: ११५३/०६५/६६
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था)

# PERSONAL ACCOUNT OPENING FORM
# व्यक्तिगत खाता खोल्ने फारम

Date: मिति: D D - M M - Y Y Y Y

## FOR OFFICE USE ONLY (कार्यालय प्रयोजनको लागि मात्र)

A/C# खाता नं. ____________

ग्राहक नं. 1 ____ 2 ____ 3 ____

Call कल ☐ Current चल्ती ☐ Saving बचत ☐ Specify the Scheme योजना खुलाउनुहोस् ____________

Deposit Amount निक्षेप रकम रू. ☐ In Words अक्षरेपी रू. ____________ Only मात्र

## FOR PERSONAL SINGLE ACCOUNT (व्यक्तिगत एकल खाताको लागि)

Mr./Mrs./Ms./Minor/Other (in BLOCK letters) ____________

श्रीमान्/श्रीमती/सुश्री/नाबालक/अन्य ____________

## IF ACCOUNT HOLDER IS MINOR
## यदि खातावाला नाबालक भएमा

Date When Minor Turns 18: नाबालक १८ वर्ष पुग्ने मिति: D D - M M - Y Y Y Y

Name of Guardian (in BLOCK letters) ____________

संरक्षकको नाम ____________

Relation with Minor: ____________

नाबालक सँगको सम्बन्ध:

## FOR PERSONAL JOINT ACCOUNT (व्यक्तिगत संयुक्त खाताको लागि)

Account Name (in BLOCK letters) ____________

खाताको नाम ____________

Mr./Mrs./Ms./Other (in BLOCK letters) 1 ____________

श्रीमान्/श्रीमती/सुश्री/अन्य ____________

Mr./Mrs./Ms./Other (in BLOCK letters) 2 ____________

श्रीमान्/श्रीमती/सुश्री/अन्य ____________

Mr./Mrs./Ms./Other (in BLOCK letters) 3 ____________

श्रीमान्/श्रीमती/सुश्री/अन्य ____________

My/Our Specimen signature/s is/are as given below and will be operated by

मेरो/हाम्रो दस्तखत तल दिइएको अनुसारको हुनेछ । साथै खाता संचालन सोहि दस्तखत नमूनाबाट हुनेछ ।

Single एकल ☐ Jointly संयुक्त ☐ Special Instruction विशेष निर्देशन ____________

| 1. Name नाम: | | 2. Name नाम: | |
|---|---|---|---|
| | PHOTO | | PHOTO |
| 3. Name नाम: | | 4. Name नाम: | |
| | PHOTO | | PHOTO |

## CHEQUE REQUISITION (चेक माग)

Cheque Book Required? /चेक बुक आवश्यक ? ☐ Yes /छ ☐ No/छैन If yes/यदि छ भने ☐ leaves/पाना

## DEBIT CARD REQUEST: डेबिट कार्ड निवेदन:

☐ Yes/छ ☐ No/छैन

## BANKING (SMS) FACILITIES: प्राप्त गर्न चाहेको एम-बैंकिङ्ग (एसएमएस) सुविधाहरू

☐ Yes/छ ☐ No/छैन

☐ Enquries /सोधपुछ ☐ Allerts/जानकारी ☐ Utility/Bill Payments/उपयोगिता/बिल भुक्तानी

☐ Fund Transfer/रकम स्थानान्तर ☐ Any A/C Fund Transfer/कुनै पनि खातामा रकम स्थानान्तर

## E-BANKING FACILITIES: प्राप्त गर्न चाहेको ई-बैंकिङ्ग (एसएमएस) सुविधाहरू

☐ Yes/छ ☐ No/छैन

☐ Enquries /सोधपुछ ☐ Utility/Bill Payments/उपयोगिता/बिल भुक्तानी ☐ Fund Transfer/रकम स्थानान्तर

## INTRODUCER'S DECLARATION परिचय गराउनेको घोषणा

I/We ............................................................................... residence of ............................................................ declare that we know the applicant(s) and he/she/they is/are fit and proper person(s) to open an account with you .

निवेदक/हरुलाई म/हामी चिन्दछु/छौं । उहाँ/उहाँहरु त्यस संस्थामा खाता खोल्नका लागि उपयुक्त व्यक्ति/हरु हुनुहुन्छ भनी ............................................ ..................................... बस्ने म/हामी .................................................................................. प्रमाणित गर्दछु/छौं ।

Name: ______________________ नाम:

______________________ (Introducer's Signature/s) (परिचय गराउनेको सही)

Date: ______________ मिति:

A/C No.: ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐ खाता नं.:

CIF ID: ☐☐☐☐☐☐☐☐☐☐ खातावालाको परिचय:

## NOMINEES DETAILS इच्छ्याएको व्यक्तिको विवरण

Photo of Nominee इच्छ्याएको व्यक्तिको फोटो

I .....................................................maintaing ...................................account No. .................................. with your Finance, hereby give details of the nominee(s) to receive any sum of amount in the account which may be due to me from Reliance Finance Limited in the event of my death.

रिलायन्स फाइनान्स लि.मा मेरो नाउँमा रहेको चल्ती/बचत/कल खाता नं. ...................................... मा बाँकी रहेको सम्पूर्ण रकम मेरो शेषपछि प्राप्त गर्न निम्न व्यहोरा भएका व्यक्तिलाई इच्छ्याएको अनुरोध गर्दछु ।

Mr./Mrs./Miss ........................................................................................................ Relation to me (if any) ..............................
श्रीमान्/श्रीमती/सुश्री म सँगको नाता (यदि भएमा)

Sons/Wife/Daughter of ............................................................................................... ................................................
को छोरा/श्रीमती/छोरी

Date of Birth......................................... Age ................ Citizenship/PP No. ......................... Place of Issue ................................
जन्म मिति उमेर नागरिकता नं./राहदानी नं. जारी गरेको ठाउँ

**If the above mentioned nominee is minor in the event of my death, I appoint following persons to receive entire balance of the account.**

**यदि माथि इच्छ्याएको व्यक्ति नाबालक छँदै मेरो मृत्यु भएमा म निम्न व्यक्तिलाई मेरो खातामा रहेको सम्पूर्ण रकम प्राप्त गर्न इच्छ्याएको अनुरोध गर्दछु ।**

Mr./Mrs./Miss ........................................................................................................ Relation to me (if any) ..............................
श्रीमान्/श्रीमती/सुश्री म सँगको नाता (यदि भएमा)

Sons/Wife/Daughter of ............................................................................................... ................................................
को छोरा/श्रीमती/छोरी

Date of Birth......................................... Age ................ Citizenship/PP No. ......................... Place of Issue ................................
जन्म मिति उमेर नागरिकता नं./राहदानी नं. जारी गरेको ठाउँ

हाल बसोबास गरिरहेको स्थानको नक्सा अथवा Google Map को Copy दिनुहोस् ।

↑ ऊ

______________________
(Signature of Account Holder)
खातावालाको सही

# व्यक्तिगत खाता खोल्दाको हकमा ग्राहक पहिचान (KYC) विवरणः

हालसालै खिचेको फोटो

## खातावाला ग्राहकको सम्बन्धमाः

(१) नाम थरः ............................................................................................................................

(२) जन्म मितिः .........गते ........................ महिना ......................... साल(वि.सं./ई.सं.) लिङ्गः महिला/पुरुष/अन्य

(३) स्थायी ठेगानाः राष्ट्रियताः ............................

जिल्ला ....................................................प्रदेश नं. ........ म.न.पा./न.पा./गा.पा ........................................................ वडा नं. ...........

टोल/गाउँ.................................................................................. घर नं. ........................... टेलिफोन नं. ..............................................

(४) हालको ठेगाना वा सम्पर्क ठेगानाः

जिल्ला ....................................................प्रदेश नं. ........ म.न.पा./न.पा./गा.पा ........................................................ वडा नं. ...........

टोल गाउँ.................................................................................. घर नं. ......................... टेलिफोन नं. ..............................................

मोबाईल ...................................... इमेल ठेगाना .......................................................... वेभसाईट ..............................................

(५) देहाय बमोजिम न्यूनतम एक विवरण र सो को सम्पुष्टि गर्ने कागजातः

(क) नागरिकताः

नागरिकता नं............................................. जारी गर्ने जिल्ला ....................................... जारी मिति ......................................

(ख) पासपोर्ट (राहदानी लिएको भए):

राहदानी नं......................... जारी गर्ने जिल्ला ......................... जारी मिति ......................... समाप्ति मितिः ...........................

(ग) मतदाता परिचयपत्रः

मतदाता परिचय पत्र नं. .................................... जारी गर्ने निकायः .................................. जारी मितिः ..................................

(घ) ड्राइभिङ्ग लाइसेन्सः

लाइसेन्स नं. .......................... जारी गर्ने निकायः ....................... जारी मितिः .............................. समाप्ति मितिः ..................

(६) नाबालकको हकमाः

(क) जन्म दर्ता प्रमाणपत्र वा नाबालक परिचयपत्र

प्रमाणपत्र/परिचय पत्र नं. ............................................ जारी गर्ने निकायः .......................... जारी मितिः ..............................

(ख) अभिभावक वा संरक्षकको नागरिकता/राहदानी/मतदाता परिचयपत्र/सवारीचालक अनुमति पत्र

नम्बर ...................... जारी गर्ने निकाय ................... जारी मिति .................................... समाप्ति मिति ...............................

(७) परिवार सदस्य सम्बन्धमाः

| क्र.सं. (क) | नाता (ख) | नाम, थर (ग) | नागरिकता नम्बर (घ) | जारी गर्ने कार्यालय जिल्ला (ङ) | जारी मिति (च) |
|---|---|---|---|---|---|
| १ | पति/पत्नि | | | | |
| २ | बाबु | | | | |
| ३ | आमा | | | | |
| ४ | बाजे | | | | |
| ५ | छोरा (१) | | | | |
| ६ | छोरा (२) | | | | |
| ७ | छोरी (१) | | | | |
| ८ | छोरी (२) | | | | |
| ९ | बुहारी (छोराको श्रीमती) | | | | |
| १० | ससुरा (विवाहित महिलाको हकमा) | | | | |

नोटः सोह्र वर्ष उमेर पुगेका छोरा, छोरीको मात्र नागरिकता विवरण उल्लेख गर्नुपर्ने । कम जोखिमयुक्त ग्राहकको हकमा महल नं. घ, ङ र च भर्न बाध्य नहुने ।

(८) संलग्न रहेको पेशा/व्यवसायः

| क्र.सं. | संस्थाको नाम | ठेगाना | पद | अनुमानित वार्षिक आम्दानी/पारिश्रमिक |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

नोटः चार वटा भन्दा बढी संस्थामा संलग्न भएमा छुट्टै विवरण पेश गर्नुपर्ने ।

(९) स्थायी लेखा नम्बरः

(१०) वार्षिक कारोवार हुने अनुमानित रकम ☐ १,००,००० सम्म ☐ १,००,०००-५,००,००० ☐ ५,००,०००-५०,००,००० ☐ ५०,००,००० माथि

(११) के तपाई राष्ट्रसेवक अथवा उच्च पदाधिकारी हुनुहुन्छ ? ☐ हो ☐ होइन

(१२) के तपाई राजनितिज्ञ अथवा राजनितिज्ञको नातेदार हुनुहुन्छ ? ☐ हो ☐ होइन

(१३) के तपाईलाई हकवाला (Mandatee) को आवश्यकता छ ? ☐ छ ☐ छैन

छ भने तपाई र हकवाला बिचको नाता खुलाउनुहोस. .................................................. र छुट्टै ग्राहक पहिचान फारम भर्नुहोस् ।

(१४) के तपाईको हिताधिकारी (Beneficial Owner) छ? ☐ छ ☐ छैन

छ भने हिताधिकारीको छुट्टै KYC Form भरी दिनुहोस् । खाता नं.

(१५) के तपाईको पहिले नै रिलायन्स फाइनान्समा कुनै खाता छ ? छ भने खाता नं. उल्लेख गर्नुहास् । ☐☐☐☐☐☐☐☐☐☐☐☐☐☐

(१६) के तपाईको अन्य कुनै बैंक/वित्तीय संस्थामा खाता छ ? छ भने उल्लेख गर्नुहोस् ।

| क्र.सं. | बैंक तथा वित्तीय संस्थाको नाम | खाता नं. | खाताको प्रकार |
|---|---|---|---|
| | | | |
| | | | |

(१७) के तपाई विदेशी नागरिक, विदेशी ग्रीन कार्ड प्राप्त व्यक्ति, NRN हुनुहुन्छ ? ☐ हो ☐ होइन

हो भने तलका विवरणहरु दिनुहोस् ।

देशको नाम ..........................................................................पासपोर्ट/सोसीयल सेक्योरीटी नं. NRN परिचय पत्र नं. ...............................................

विदेशी राष्ट्रको ठेगानाः ........................................................................................ टेलिफोन नं./फ्याक्स नं. ..........................................................

विदेशी राष्ट्रमा सम्पर्क व्यक्तिः .............................................................................................. भिषा समाप्ति मिति ................................................

(पासपोर्ट/ग्रिनकार्ड/सोसीयल स्योक्योरीटी/NRN परिचय पत्रको छविचित्र दिनुहोस्)

**पेश गर्नुपर्ने कागजातहरुः**

(क) हालसलै खिचिएको पासपोर्ट साईजको फोटो २ प्रति ।

(ख) नागरिकता/पासपोर्ट/मतदाता परिचयपत्रको प्रकाणित छविचित्र ।

(ग) हालको ठेगाना पुष्टी हुने कागजात जस्तैः राहदानी/सवारी चालक अनुमति पत्र जग्गाधनी प्रमाणपत्र/पानी, बत्तीको टेलिफोनको शुल्क तिरेको बिल/मतदाता परिचय पत्र (उच्च जोखिमको ग्राहकको हकमा समबन्धित फाइनान्सका कर्मचारीले स्थलगत भ्रमण गरी तयार गरेको नक्सा आदि ।

(घ) भाडामा बस्नेको हकमा घरबेटीको नाम, थर, ठेगाना र सम्पर्क नम्बर उल्लेख गर्नुपर्ने ।

(ङ) शरणार्थीको हकमा नेपाल सरकारको आधिकारिक निकायले जारी गरेको परिचय पत्रको छविचित्र ।

(च) क्र.सं. १७ बमोजिम विदेशी नागरिक, विदेशी ग्रीन कार्ड प्राप्त व्यक्ति, NRN भएमा पासपोर्ट/ग्रीनकार्ड/सोसीयल सेक्योरटी, आदिको ग्राहकद्वारा प्रमाणित छविचित्र ।

(छ) राहदानी नभएका भारतीय नागरिकको हकमा भारतीय राजदुतावासको सिफारिस पत्र ।

(ज) नेपाल सरकार, नेपाल सरकारको स्वामित्व भएको संस्था, अन्य फर्म, कम्पनी वा संस्थामा कार्यरत कर्मचारी भए परिचय पत्रको छविचित्र ।

(झ) कुनै ग्राहकको खाताको हिताधिकारी अर्को व्यक्ति/फर्म/कम्पनी/संस्था भएमा सो को वास्तविक धनी पहिचान गरी KYC Form भर्नु पर्नेछ ।

**स्वःघोषणा (Self Declaration)**

(क) म विगतमा कुनै अपराधमा दण्डित नभएको घोषणा गर्दछु ।

(ख) मेरो अन्य बैंक तथा वित्तीय संस्थामा रहेको खाता कुनै पनि नियामक निकायको ओदशले बन्द/रोक्का रहेको छैन ।

(ग) रिलायन्स फाइनान्सले मेरो/हाम्रो आवेदन कुनै कारण नदेखाई स्वीकार वा अस्विकार गर्न सक्ने कुरामा मेरो/हाम्रो मञ्जुरी छ । मैले/हामीले माथि उल्लेख गरेका कुनै पनि जानकारीहरुको थप परिक्षण गर्न म/हामी रिलायन्स फाइनान्स लिमिटेडलाई अख्तियारी प्रदान गर्दछौं । यस आवेदन फाराममा मैले/हामीले उपलब्ध गराएका सूचनाहरु मेरो/हाम्रो जानकारीमा भएसम्म ठिक साँचो भएको घोषणा गर्दछु । यस आवेदन फाराममा मैले/हामीले उपलब्ध गराएको कुनै जानकारी भ्रामक वा गलत प्रमाणित भएमा त्यसको परिणामको लागि म/हामी पूर्ण जिम्मेवार हुनेछौं । यस फारामको पछाडि पट्टी उल्लेखित शर्त तथा बन्देजहरु समेत मैले/हामीले पढी बुझी सोलाई पालना गर्न मञ्जुर गर्दछु/गर्दछौं ।

(घ) घर नं./टेलिफोन ./मोबाइल नं./राहदानी/पेशा/व्यवसाय/स्थायी लेखा नम्बर तथा अन्य ................................................................................... ।

मैले/हामीले खाता संचालन तथा मोवाइल बैंकिङ्ग (एस.एम.एस.)/ई–बैंकिङ्ग र रिलायन्स फाइनान्स डेबिड कार्ड सम्बन्धी यस फारममा उल्लेखित सामान्य नियमहरु अध्ययन गरे/गर्यौं र उक्त नियम मान्न पूर्ण रुपमा मञ्जुर गर्दछु/गर्दछौं ।

खातावाला(हरु) को दस्तखत
Signature of the Account Holder (s)

दायाँ (Right) बायाँ (Left)

**FOR OFFICE USE ONLY (अफिस प्रयोजनको लागि मात्र)**

Date (मिति): ...........................

| | |
|---|---|
| The Client is residential<br>(If No, Please obtain documents as required by Point No. 17, above.) | ☐ Yes ☐ No |
| Has the income source of fund been disclosed ? | ☐ Yes ☐ No |
| In which category of risk this account falls ? / Risk Assesment Done | ☐ High ☐ Medium ☐ Low |
| Reason of High & Medium Risk | ☐ PEP/Others please specify |
| If this account has mandatee then have you obtained identification of the mandatee?<br>(Separate KYC of mandate is compulsory?) | ☐ Yes ☐ No |
| Customer Screening against KYC/AML/CFT & compliance Database and found clear to open A/c | ☐ Yes ☐ No |
| Have obtained approval for High Risk A/c opening from competent authority | ☐ Yes ☐ No |

This KYC form is filled in and signed in my/our presence.

या ग्राहक पहिचान विवरण मेरो/हाम्रो अगाडि भरेको तथा दस्तखत गरेको हो ।

| Prepared By (Full Signature) | Verified By (Full Signature) | Op. In-Charge/BM (Full Signature) |
|---|---|---|
| Name: | Name: | Name: |
| Date: | Date: | Date: |

* Approval of Branch Manager and Compliance is required to open High Risk Account.

* If the customer has ticked in "yes" in point No. 11/12 customer to be categorized as High Risk.

## कार्यालय प्रयोजनको लागि मात्र
## FOR OFFICE USE ONLY

आवेदन र दस्तखत प्रमाणित गर्ने: ____________________
Application & Signature Verified by:

डेबिट कार्ड: ____________________
Debit Card

आवेदन प्राप्त भएको मिति: ____________________
Card Application Received on

कार्ड स्वीकृत/जारी गर्ने: ____________________
Card Issued/Approved by

जारी मिति (Card Issued on): ____________________

एम बैंकिङ्ग ____________________
M Banking

प्रविष्टि/ईन्ट्रि गर्ने ____________________
Entered By

नाम (Name) ____________________
मिति (Date): ____________________
स्वीकृत गर्ने (Approved By): ____________________
नाम (Name) ____________________
मिति (Date): ____________________

ई- बैंकिङ्ग ____________________
e- Banking

प्रविष्टि/ईन्ट्रि गर्ने ____________________
Entered By

नाम (Name) ____________________
मिति (Date): ____________________
स्वीकृत गर्ने (Approved By): ____________________
नाम (Name) ____________________
मिति (Date): ____________________

---

## GENERAL CONDITIONS GOVERNING ACCOUNT
## खाता सञ्चालन सम्बन्धी नियमहरू:

१. यस संस्थामा खोलिएको खाताको सञ्चालन नेपालमा ऐन, नियम तथा बैकिङ्ग क्षेत्रमा प्रचलित परम्परा र चलन अनुसार हुनेछ ।

२ संस्थाद्वारा प्रदान गरिएको चेक(हरु) खातावालाको सम्पत्ति हुन् र ती चेक (हरु) लाई खातावालाहरुले सुरक्षित राख्नुपर्नेछ । खातावालाहरुले ती चेक(हरु) हराएमा चोरिएमा वा अन्य कुनै पनि तरिकाबाट झुठ्ठो दस्तखत भई भुक्तानी भएमा फाइनान्स जवाफदेही बनाउन पाउने छैन ।

३. संस्थाले नियम अनुसारको कमिशन वा सेवा शुल्क लगाउन सक्नेछ ।

४. खातामा रहेको सम्पूर्ण रकम खातावालाको फाइनान्स उपर रहेको हरेक प्रकारको दायित्वको (वर्तवान वा भविष्यमा श्रृजना हुने) सुरक्षण सरह मानिने छ र खातावालको उक्त रकमहरु संस्थाले खातावाललाई कुनै सूचना नदिई त्यस्तो दायित्वबाट कट्टि गरि मिलान गर्न सक्नेछ ।

५. खाताको विवरण माग गरे बमोजिम उपलब्ध गराइने छ ।

६. ३ वर्ष वा सो भन्दा बढि अवधि सम्म खातामा कुनै कारोवार नभएमा उक्त खाता निष्कृय हुनेछ । त्यस पछि सो खाता संचालन गर्न खातावाला स्वयम् उपस्थित हुनु पर्नेछ ।

७. कानूनी रुपबाट आर्जित रकमले यस रिलायन्स फाइनान्स लि.मा खाता खोलिएको कुरा म/हामी घोषणा गर्दछौं । उक्त खाता खोल्दा तथा संचालन गर्दा म/हामीबाट हुने प्रत्येक कारोवारहरु समेत कानूनी रुपले मान्य तथा वैद्य हुनेछन् र यस खातालाई सम्पत्ती शुद्धिकरण (Anti Money laundering) निषेध गर्ने तथा बैकिङ्ग अपराध तथा कसुर सम्बन्धि प्रचलित कानूनहरुको प्रतिकुल हुने गरि उपभोग वा संचालन गरिने छैन । यदि उल्लेखित कानूनहरुको प्रतिकुल हुने गरि यस संस्थामा रहेको मेरो/हाम्रो खाता संचालित भएको वा उपभोगमा आएको छ भन्ने कुरामा संस्थालाई शंका लागेमा वा संस्थाले सो कुराको जानकारी पाएमा उक्त खाता रोक्का राखि सम्बन्धि निकायलाई सो सम्बन्धि जानकारी गराउने अधिकार संस्थामा सुरक्षित रहने छ ।

८. संस्थामा रहेको ग्राहकको खातामा खातावालाले बाहेक अन्य कसैले रकम जम्मा गरेमा त्यस्तो रकम खातावालाको सहमतिमा जम्मा गरिएको मानिने छ । अन्यथा हुनुपर्ने भएमा खातावालाले संस्थालाई छुट्टै निर्देशन दिने सक्नेछ ।

९. खातावाला वा निजको तर्फबाट भुक्तानी लिन आउने व्यक्तिले आफूले झिकी लिएको नगद काउण्टरमै गणना गर्नु पर्नेछ । तत् पश्चात्, त्यस्तो रकममा कुनै कमी वा नपुग हुन गएमा वा कुनै कैफियत देखिएको भन्ने सम्बन्धमा संस्था जवाफदेहि हुने छैन ।

१०. नावालक वालिग भईसकेको अवस्थामा नागरिकताको प्रमाणपत्र सहित वालिग भएको व्यक्ति स्वयम् संरक्षक सहित दस्तखत अद्यावधिक गर्न नआएमा संस्थाले संरक्षकलाई चलाउन दिनबाट बञ्चित गर्न सक्नेछ ।

११. संयुक्त नाममा खोलिएका खाताहरुको हकमा अन्यथा लिखत सूचना दिइएको अवस्थामा बाहेक संयुक्त खातावालहरु मध्ये कसैले पनि विवादित निर्देशन जारी गरेमा संस्थालाई चित्त बुझ्ने गरी त्यस्तो विवाद समाधान नभएसम्म सम्बन्धित खाता सञ्चालन संस्थाले तत्कालै रोक लगाउन सक्नेछ । साथै संस्थालाई अन्यथा कुनै निर्देशन दिइएको अवस्थामा बाहेक दुई वा सो भन्दा बढीको नाममा खोलिएको खाताका कुनै एक वा एकभन्दा बढी खातावालाको मृत्यु भएमा खातामा रहेको मौज्दात जिवित रहेका खातावालालाई भुक्तानी गरिनेछ ।

१२. खातामा कुनै कारणले जम्मा हुनु नपर्ने रकम जम्मा हुन गई ग्राहकबाट संस्थाले फिर्ता लिनु पर्ने भएमा त्यस्तो रकम संस्थामा फिर्ता गर्न सम्बन्धमा संस्था प्रति खातावालहरु जिम्मेवार हुनेछन् ।

१३. कम्पनी वा सम्पर्क वा प्रतिनिधी कार्यालय, स्तर निर्धारण गर्ने निकाय, बिमक वा बीमा दलाल तथा संस्थासँग गोपनियता कायम राख्ने कर्तव्य भएका अन्य कुनै व्यक्ति वा संस्थालाई सूचना दिन तथा संस्थाको नियमानुसार निक्षेपउपरको हकदावी लगायतका सार्वजनिक सूचता प्रकाशित गर्न खातावालको सहमति रहेको छ ।

१४. बन्द, हडताल, बन्देज, युद्ध नागरिक विद्रोह वा संस्थाको काबुभन्दा बाहिरका अन्य परिस्थितिका कारण खाता सञ्चालनमा बाधा परेमा संस्था जवाफदेही हुनेछैन ।

१५. यी शर्तबन्देजहरुमा अन्यत्र लेखिएका कुराहरुमा प्रतिकुल प्रभाव नपर्ने गरी कुनै अदालत वा प्रशासनिक वा अन्य कुनै आदेश निर्देशन पालना गर्ने सिलसिलामा वा संस्था स्वयम्लाई आवश्यक परेको अवस्थामा खातावालालाई सूचना दिई वा नदिई संस्थाले त्यस्तो खाता बन्द गर्न, रोक्का राख्न वा खाताबाट हुने कारोवारलाई निलम्बन राख्न सक्नेछ ।

१६. संस्थाले निश्चित रकम भन्दा कम रकमको चेक काट्न नपाईने नियम बनाउन सक्नेछ । माग गरिएको दरमा नोट पैसामा भुक्तानी गर्नु पर्ने गरि काटिएको चेकको भुक्तानी संस्थामा त्यस्तो दरको नोट वा पैसा उपलब्ध भएसम्म मात्र भुक्तानी गर्नेछ ।

१७. संस्थाले ग्राहकलाई दिने कुनै पनि सूचना ग्राहकले दिएको ठेगानामा वा संयुक्त खाता भए कुनै एकजनाले दिएको ठेगानामा हुलाक वा कुरियर वा ईमेल वा अन्य माध्यमद्वारा पठाउने छ । यसरी पठाएको सूचना ग्राहकले प्राप्त गरिएको मानिने छ । तसर्थ ग्राहकले आफ्नो ठेगानामा कुनै परिवर्तन भएमा सो जानकारी संस्थालाई तत्काल दिनुपर्नेछ ।

१८. संस्थाले ग्राहकबाट उठाउनु पर्ने कर्जा लगायतको अन्य कुनै किसिको बक्यौता रकम फछ्र्यौट गर्नको लागि प्रस्तुत खाता उपयोग गर्न सक्दछ । यस अवस्थामा ग्राहकले संस्थालाई खाता खर्च गर्ने अख्तियार प्रदान गरिएको मानिने छ ।

१९. ग्राहकको अन्यथा निर्देशन रहेको अवस्थामा बाहेक निश्चित अवधि तोकि खोलिएका मुद्दति प्रकृतिका खाता तोकिएको समयावधि पश्चात सो रकम सम्बन्धि ग्राहकको बचत खातामा स्थानान्तरण गर्नेछ ।

२०. सम्बन्धित खाता सम्बन्धी विवादमा संस्थाले कानूनी लगायत अन्य कुनै पनि किसिमका खर्च व्यहोर्नु परेमा सो वापतमा खातावालाले संस्थालाई पूर्ण क्षतिपूर्ति प्रदान गर्नेछ ।

२१. कुनै खास किसिमको खाता खोल्दा आवश्यक पर्ने अवधि उल्लेखित कागजातहरुमा उल्लेखित समायावधि नाघे पछि नविकरण गराई कागज उपलब्ध गराउने जिम्मेवारी ग्राहकको हुनेछ । यस सम्बन्धमा संस्थाले ताकेता गर्न बाध्य हुने छैन ।

.......................................
खातावालाको दस्तखत

२२. ग्राहकले संस्थालाई समय समयमा ग्राहक पहिचान फारम भरि ग्राहकको पहिचान अध्यावधिक गर्नुपर्ने छ । ग्राहकले आफ्नो पहिचान अध्यावधिक नगरेमा संस्थाले यस्तो खाता बन्द, रोक्का गर्न सक्नेछ ।

२३. संस्थाले आफ्नो स्व: विवेकमा कुनै पनि बेला पूर्व सूचना सहित वा वेगर पनि खाता संचालन सम्बन्धि यि नियमहरु परिवर्तन गर्न सक्नेछ ।

## शर्त तथा बन्देजहरू (मोबाईल बैंकिङ्ग तथा एस.एम.एस. बैंकिङ्ग)

यो सेवा संस्थाले आफ्ना ग्राहकहरुलाई प्रदान गरिएको बैंकिङ्ग सुविधा हो भन्ने कुरामा ग्राहक जानकार छ र यो बैंकिङ्ग सुविधा निम्न शर्त तथा बन्देजहरुद्वारा नियमित हुने कुरामा ग्राहक मञ्जुर गर्दछ ।

### सामान्य

सम्झौतामा उल्लेखित शर्त तथा बन्देजहरु यसमा उल्लेखित शर्त तथा बन्देजहरुको अभिन्न अंगको रुपमा रहने छन् । उक्त शर्त तथा बन्देजहरु लगायत ग्राहकले खाता खोल्ने क्रममा बुझाएको आवेदन फाराममा उल्लेखित सम्पूर्ण शर्त तथा बन्देजहरु र संस्थाले ग्राहकलाई सुविधा उपलब्ध गराउने क्रममा कुनै सेवा प्रदायकसँग मञ्जुर गरेका अन्य शर्त तथा बन्देजहरु समेत पालना गर्न ग्राहक मञ्जुर गर्दछ । यस करारमा उल्लेखित शर्त तथा बन्देजहरु ग्राहकले संस्थाबाट उपभोग गरेका वा भविष्यमा उपभोग गर्ने अन्य कुनै पनि सेवा तथा सुविधाहरुसँग सम्बन्धि शर्त तथा बन्देजहरु अनुकुल हुनेछन् ।

### सेवाहरू

संस्थाले प्रदान गर्ने उल्लेखित सेवाहरु संस्थाको वेभसाईट www.reliancenepal.com.np मार्फत र एम-बैंकिङ्गको लागि एसएमएसको प्रयोग मार्फत ग्राहकले उपयोग गर्न सक्ने गरि ग्राहकलाई बैंकिङ्ग कारोबार गर्न सुविधा पुऱ्याउने उद्देश्यले संस्थाले प्रदान गरेको अनलाईन सेवा हो । यस सुविधा अन्तर्गत ग्राहकले मौज्दात सोधपुछ, स्टेटमेण्ट, रकम ट्रान्स्फर र चेकबुक अनुरोध तथा संस्थाले समय समयमा प्रयोगमा ल्याउने अन्य सुविधाहरु उपयोग गर्न सक्नेछन् ।

### सुविधा प्रयोगको लागि आवेदन

यस सम्झौताको साथमा दिएको आवेदनलाई सुविधा प्रयोगको लागि संस्था समक्ष दिएको मुख्य आवेदनको रुपमा लिइने छ । तथापि, यदि संस्थाले ग्राहकको अनुरोध विना नै सुविधामा कुनै परिवर्तन गर्छ र ग्राहकले त्यसमा कुनै आपत्ति जनाउँदैन वा निरन्तर सुविधाको प्रयोग गरिरहन्छ भने उक्त परिवर्तनमा ग्राहकले स्वत: आफ्नो मञ्जुरी जनाएको मानिने छ ।

### योग्यता

१. यो सुविधा उपयोग गर्न चाहने ग्राहक संस्थाको खातावाला हुनु पर्नेछ । ग्राहक आफ्नो संस्थाको खाताको एकल खाता संचालक हुनु पर्नेछ वा फर्म वा संस्थागत खातावालाको हकमा खाता संचालन गर्न अख्तियार प्राप्त व्यक्ति हुनु पर्नेछ । संयुक्त खाताको हकमा ग्राहकलाई अर्को खातावाला(हरु) बाट सुविधा प्रयोग गर्ने अख्तियारी सहितको लिखित मञ्जुरी प्राप्त हुनु पर्नेछ । संयुक्तखाताको सन्दर्भमा उक्त खाताको प्रयोगको माध्यमबाट हुने सबै वा कुनै पनि कारोवारहरुको लागि सम्पूर्ण संयुक्त खातावाला(हरु) बन्धनकारी हुनेछन् ।

२. संयुक्त खाताको हकमा प्रत्येक संयुक्त खातावालाहरुले आवेदनको साथ संस्था समक्ष सुविधाको प्रयोगको कारणले उतपन्त हुने कुनै पनि दायित्व उपर प्रत्येक संयुक्त खातावालहरु एकल र संयुक्त रुपमा समेत उत्तरदायी हुने कुरामा लिखित रुपमा मञ्जुरी व्यक्त गर्दछन् । साथै, संयुक्त खाताको हकमा कुनै पनि संयुक्त खातावाला(हरु) नावालक छैनन् भन्ने कुरामा ग्राहक स्वीकार गर्दछ । कम्पनीको हकमा सुविधा प्रयोगको लागि नियमपूर्वक स्वीकृत भएको अख्तियारनामा संस्था समक्ष पेश गर्नु पर्नेछ ।

### ग्राहकको मञ्जुरी

१. ई-बैंकिङ्ग/एम-बैंकिङ्ग (एसएमएस बैंकिङ्ग) सुविधाको प्रयोगको लागि आवेदन दिँदा र यसको प्रयोगको सम्बन्धमा निर्धारित शर्त तथा बन्देजहरुमा मन्जुरी जनाउँदा ग्राहकले उल्लेखित सुविधा प्रयोग गर्ने सर्न्दभमा संस्थालाई प्रदान गरेका सम्पूर्ण जानकारीहरु सत्य, साँचो, पूर्ण, सम्बन्धि र अत्यावधिक रहेको घोषणा गर्दछ । ग्राहकले मनोनित गरेको मोबाईल नम्बर र संस्थाले तोकेको नम्बरमा र सो नम्बरबाट मोबाईल सन्देशहरु -एसएमएस) पठाउने कुरामा ग्राहक मञ्जुर गर्दछ । तर उल्लेखित सेवामा ग्राहक वाहेक अन्य व्यक्तिको पहुँच हुन गई सोको कारणले ग्राहकलाई कुनै नोक्सानी वा क्षति पुगेमा त्यसको लागि संस्था जिम्मेवार हुने छैन । तोकिएको खाताहरुबाट कारोबारहरु गर्न ग्राहकले संस्थालाई पर्याप्त अधिकार प्रदान गर्दछ । संस्थाले आफुले प्राप्त गरेको अधिकारको प्रयोग गर्न सक्नेछ र थप सोधपुछ गर्न संस्था उत्तरदायी हुनेछैन । ग्राहकले व्यक्तिगत पहिचान नम्बर (पिन)/प्रयोगकर्ता पहिचान (युजर आईडि) अन्य कसैलाई उल्लेख नगर्न र व्यक्तिगत पहिचान नम्बरको लिखित रुपमा वा ईलेक्ट्रोनिक रुपमा समेत कुनै रेकर्ड नराख्न ग्राहक मञ्जुर गर्दछ । संस्थाबाट र संस्थालाई पठाईएका सम्पूर्ण सन्देश (SMS) हरु आफ्नो मोबाइलबाट हटाउन ग्राहक मञ्जुर गर्दछ । ग्राहकले कुनै पनि उद्देश्यले आफूले प्राप्त गरेको सेवा अन्य कुनै पनि व्यक्तिलाई प्रयोग गर्न दिने छैन । र यसरी प्रयोग गर्न दिएबाट वा ग्राहकको अनुमति विना नै कुनै पनि तेश्रो पक्षले सेवा उपयोग गरेमा समेत ग्राहकले सो कारणबाट हुन सक्ने क्षति/दायित्वबाट संस्थालाई मुक्त राख्दछ । संस्थाले उदाहरणको रुपमा इन्टरनेट साईटमा उल्लेख गरेको मुल्य तथा अन्य जानकारीको आधारमा कुनै कारोवार गरिएमा त्यस्तो कारोवारको कारणबाट कुनै नोक्सान भएमा समेत ग्राहकले सो संस्थालाई उन्मुक्ति प्रदान गर्ने ग्राहकले यो सुविधाको प्रयोग मार्फत कुनै बैंकिङ्ग कारोवार गर्न निर्देशन गरेकोमा उक्त निर्देशन कार्यान्वयनमा ढिलाई भएमा वा विना कुनै कारण दर्शाई संस्थाले उक्त निर्देशन कार्यान्वयन नगरेमा समेत सो को लागि ग्राहकले संस्थालाई जिम्मेवार बनाउने छैन ग्राहकले अनलाईन मार्फत दिएको कुनै पनि निर्देशन संस्थाको स्वीकृति विना ग्राहकले फिर्ता लिन सक्ने छैन । यदि त्यस्तो निर्देशन रद्द गर्न ग्राहकले संस्था समक्ष अनुरोध गर्दाको समयमा संस्थाले सो अगावै असल नियतका साथ उक्त निर्देशन कार्यान्वयन गरिसकेको रहेछ भने सो को लागि ग्राहक पूर्ण रुपले जिम्मेवार हुनेछ ।

२. ग्राहकले यस सेवाको लागि आफ्नो प्रयोगकर्ता नाम र पासवर्ड जुन ग्राहकको अनलाईन परिचयको रुपमा रहेको हुन्छ, प्रयोग गरि लगअन गर्नको लागि संस्थाले अनलाईन मार्फत उपलब्ध गराएको मार्गदर्शन पालना गर्न मञ्जुर गर्दछ । उक्त प्रयोगकर्ता नाम र पासवर्डको प्रयोग मार्फत संस्थाले प्राप्त गरेका कुनै पनि निर्देशनहरुलाई संस्थाले ग्राहकका वास्तविक निर्देशनहरु मान्य छ र सोबाट उत्पन्न हुने कुनै पनि दायित्व प्रति ग्राहकले उत्तरदायि हुनेछ । ग्राहकले कुनै पनि समयमा आफ्नो पासवर्ड परिवर्तन गर्न सक्नेछ तर उक्त पासवर्ड संस्थाले स्वीकृत गरेको खण्डमा मात्र लागु हुनेछ । ग्राहकले आफुलाई प्राप्त प्रयोगकर्ता नाम र पासवर्डको प्रयोग मार्फत इन्टरनेटको माध्यमबाट दिएका निर्देशनहरु मात्र संस्थाले कार्यान्वयन गर्ने कुरामा ग्राहक जानकार छ र सो स्वीकार गर्दछ । यस सुविधाको प्रयोग मार्फत संस्थालाई दिएको कुनै पनि निर्देशनहरु, जुन ग्राहकले जानेबुझेर वा गल्तिले दिएको भएतापनि त्यस्ता निर्देशनहरुको लागि ग्राहक पूर्ण रुपमा उत्तरदायि हुनेछ ।

३. पहिलो पटक यस सेवामा प्रवेश गर्नको लागि ग्राहकले आफ्नो पहिचान अनलाईन रुपमा प्रमाणित गर्नुपर्नेछ । र यस सेवाको प्रयोगलाई नियमन गर्ने सम्पूर्ण शर्त तथा बन्देजहरु स्वीकार गर्नु पर्दछ । संस्थाले ग्राहकलाई पहिचान गर्नको लागि संस्थाले स्वीकृत गरेको तोकिएको खातामा ग्राहकको पहुँच पुऱ्याई सेवा उपयोग गर्नको लागि ग्राहकले तोकिए बमोजिम सो जानकारी संस्थालाई प्रदान गर्नुपर्नेछ ।

कुनै पनि खातामा कारोवारहरुको सम्बन्धमा अनलाईन उपलब्ध गराएका जानकारीहरु केवल सांकेतिक प्रयोजनका लागि मात्र हुनेछ । त्यसरी अनलाईन उपलब्ध गराएका जानकारीहरु र संस्थाको अभिलेखमा रहेको जानकारीमा फरक पर्न गएमा संस्थाको अभिलेखमा रहेको जानकारी सहि र प्रमाणित मानिने छ । ह्याकिङ्ग जस्ता कुनै पनि साइबर अपराधहरुको सम्बन्धमा र कुनै अवैध तथा फर्जि तरिकाको प्रयोगबाट गरिएका अनधिकृत कारोवारहरुको सम्बन्धमा समेत संस्था जिम्मेवार हुने छैन । संस्थालाई यस सेवा प्रदान गर्ने सम्बन्धमा समय-समयमा आवश्यक पर्ने थप जानकारीहरु प्रदान गर्न ग्राहक सदैव मञ्जुर गर्दछ ।

४. प्रचलित कानून बमोजिम आवश्यक परेमा संस्थाले तेश्रो पक्ष एजेन्टहरु लगायत अन्य कुनै पनि व्यक्ति वा निकायलाई सूचनाहरु प्रदान गर्न संस्थालाई ग्राहकले अख्तियारी प्रदान गर्दछ । कम्प्यूटर प्रणाली/ई-बैंकिङ्ग/ एम-बैंकिङ्ग (एसएमएस बैंकिङ्ग) सुविधा (जानकारी/कुनै फारम/पारुप/छनौट (कन्फिगरेशन/प्रस्तुतीहरु/ट्रेड सेक्रेटहरु आदि) र बौद्धिक सम्पत्तिहरु सम्बन्धि सम्पूर्ण अधिकारहरु तथा सो हिताधिकार संस्थासँग निहित रहने कुरामा ग्राहक जानकार छ र सिमा मञ्जुर गर्दछ । साथै यसमा ग्राहकले कुनै दावि गर्ने छैन ।

संस्थाले प्रदान गर्ने सेवाहरु तथा अनलाईन उपलब्ध गराईने सूचनाहरु ग्राहकको हार्डवेयर, सफ्टवेयर वा अन्य यस्तै कुराहरुमा प्रतिकुल प्रभाव पार्ने किसिमका भाईरस वा अन्य विनाशकारी विशेषताहरुबाट मुक्त रहेको सम्बन्धमा संस्थाले सुनिश्चितता प्रदान नगर्ने कुरामा ग्राहक मञ्जुर गर्दछ ।

.......................................

खातावालाको दस्तखत

साझेदारी फर्म/लिमिटेड कम्पनीहरुको हकमा गरिने सम्पूर्ण कारोवारहरु सम्बन्धित फर्म/कम्पनीको संचालक समितिले पर्याप्त रुपमा अधिकार प्रत्यायोजन गरे बमोजिम भएको कुरामा ग्राहक सुनिश्चितता प्रदान गर्दछ साथै ग्राहकले खाता खोल्ने समयमा संस्था समक्ष पेश गरेको संचालक समितिको निर्णयले त्यस्तो कारोवारलाई रोक लगाउने छैन । केहि गरि ग्राहकको पासवर्ड हराएमा अस्पष्ट भएमा/विर्सिएमा/चोरी भएमा ग्राहक स्वयं संस्थामा उपस्थित भएमा पासवर्ड परिवर्तनको लागि अनुरोध गर्न मञ्जुर गर्दछ । मौखिक वा टेलिफोनबाट गरिएको अनुरोधलाई स्वीकार गरिने छैन । एम बैंकिङ्ग तथा ई-बैंकिङ्ग सुविधाहरुको प्रयोग सम्पत्ति शुद्धिकरण तथा आतंकवादी क्रियाकलापलाई सघाउन पुग्ने गरी गरिने छैन ।

६. म यस संस्थाले दिएको सम्पूर्ण सुविधाहरुबाट राज्यले लागु गरेका कानूनको अधिनमा रहि कुनै Terrorism तथा Anti Money laundering मा प्रयोग गर्ने छैन भनी उद्घोषणा गर्दछु ।

## उपलब्धता संसोधन, अख्तियारी र प्रष्टिकरण

१. ई-बैंकिङ्ग/एम-बैंकिङ्ग (एसएमएस बैंकिङ्ग) सुविधा अन्तर्गत संस्थाले सम्भव भएसम्म सम्पूर्ण सेवाहरु उपलब्ध गराउन प्रयत्न गर्नेछ । तर, ग्राहकलाई समय समयमा प्रदान गर्न सकिने सेवाहरु वा विना कुनै कारण दर्शाई उक्त सेवाहरुमा कुनै परिवर्तन वा फेरबदल गर्ने सम्बन्धमा संस्थाले पूर्ण रुपमा आफ्नो स्वविवेकको आधारमा निर्णय गर्नेछ ।

२. संस्थाको अभिलेखमा प्रविष्टि भएको ग्राहकको प्रयोगकर्ता नाम र पासवर्डको प्रयोग गरि कसैले गरेको कुनै र सम्पूर्ण निर्देशनहरु ग्राहकले नै संस्था पठाएको भन्ने मानिने छ र उक्त सुविधा प्रयोग गर्ने व्यक्ति ग्राहक नभएको पाईएमा समेत सो बाट कुनै नोक्सानी भएमा वा गोपनियता भंग भएमा वा अन्य कुनै दायित्वका सम्बन्धमा संस्था उत्तरदायि हुने छैन ।

३. संस्थाको प्रणालीद्वारा प्रयोग कर्ता र पासवर्डको परिक्षणद्वारा ग्राहकको आधिकारीकता पुष्टि भए पश्चात मात्र ग्राहकको निर्देशनहरुको पालना हुनेछन् । समय समयमा उक्त परिक्षण पक्रियामा संस्थाले परिवर्तन गर्न सक्नेछ र त्यस्तो परिवर्तनले ग्राहकले स्वीकार गरेको मानिने छ । सुविधा रद्द नभएसम्म ग्राहकले ई-बैंकिङ्ग/एम-बैंकिङ्ग (एसएमएस बैंकिङ्ग) सुविधाको प्रयोग मार्फत गरेको बैंकिङ्ग तथा अन्य कारोवारहरुको कार्यान्वयनकोलागि ग्राहकले आफ्नो खाताको प्रयोग गर्न संस्थालाई विना शर्त पूर्ण रुपमा अख्तियारी प्रदान गर्दछ । ग्राहकको अनुरोध स्वीकार/कार्यान्वयन गर्नका लागि आवश्यक भएमा खाता सम्बन्धि जानकारीहरु अन्यलाई प्रदान गर्न समेत ग्राहकले संस्लाई अधिकार प्रदान गर्दछ ।

## संस्थाका सिमाहरु/अस्विकृती (निम्न बमोजिमका कुनै पनि कार्यका लागि संस्था उत्तरदायी, जिम्मेवार हुने छैन)

- ग्राहकको प्रयोगकर्ता नाम र पासवर्डको अनधिकृत प्रयोग भएमा वा अनधिकृत व्यक्तिको ईलेक्टोनिक प्रणलीमा हस्तक्षप वा प्रवेशको कारणले कुनै निर्देशनहरु प्राप्त भएमा वा ग्राहक वाहेकका व्यक्तिवाट कुनै छलकपटपूर्ण वा त्रुतिपुर्ण निर्देशन प्राप्त भएमा,
- संस्थाको अभिलेखमा कायम रहेको र संस्थाको प्रणालिद्वारा प्रमाणित गरिएको ग्राहकको प्रयोगकर्ता नाम र पासवर्डको प्रयोग गरि पठाइएको निर्देशनहरु को पालना गर्ने क्रममा सुचनाहरु प्रदान गरिएमा,
- कुनै प्राविधिक, संचालनको कारणले वा ईन्टरनेट सेवा प्रदायकवाट सेवा प्राप्त नभएमा वा सेवा प्रदायकमा समस्या उत्पन्न भएमा वा कुनै अप्रत्याशित घटनाका कारणले संस्थाको तर्फवाट ग्राहकको निर्देशनहरुको पालनामा कुनै त्रुटि, ढिलाई वा असमर्थता भएमा,
- राम्रो प्रणालीको प्रयोग गरि तथ्यांक नोक्सानी हुन नदिन पर्याप्त ध्यान राखिएता पनि कुनै तथ्यांक वा सुचना सम्प्रेषणका क्रममा प्रणालीको विफलताको कारणले यस्तो तथ्यांक वा सुचना हराएमा वा गोपनीयता भंग भएमा,
- ग्राहकले कुनै तेश्रो व्यक्ति, पक्षलाई प्रयोगकर्ता नाम र पासवर्ड प्रदान गरेर जानीजानी वा अन्जानमा भएपनि सुविधाको कुनै अनुचित प्रयोग गरेमा
- प्रणालीद्वारा प्रदान गरिएका निर्देशनहरुको पालना गर्न असमर्थ भएका कारणले ग्राहकले भोग्नु परेको कुनै प्रत्यक्ष वा अप्रत्यक्ष नोक्सानी । साथै, सुविधा र/वा संस्थाले प्रदान गर्ने कुनै प्रोडक्ट सम्बन्धि कुनै निश्चित सेवाको सम्बन्धमा ग्राहकले आफुलाई अद्यावधिक बनाउन असमर्थ भएमा ।
- ग्राहकको तर्फबाट खाता खोल्ने फाराम तथा यसमा उल्लेखित कुनै शर्त तथा बन्देजहरुको पालना गर्न असमर्थ भएमा ।

## शुल्क तथा संसोधन

संस्थाले यस करारमा लेखिए अनुरुपको सेवा प्रदान गरेवापत आफ्नो स्वविवेकमा संस्थालाई उपयुक्त लागे अनुरुपले समय समयमा शुल्क असुल गर्ने, त्यसमा संसोधन तथा परिवर्तन गर्न सक्नेछ । शुल्कमा हुने प्रत्येक परिवर्तनहरुको सम्बन्धमा लिखित रुपमा वा ईलेक्ट्रोनिक रुपमा वा संस्थाले निर्धारण गरे अनुरुप अन्य कुनै उपयुक्त माध्यमबाट संस्थाले ग्राहकलाई सूचना प्रदान पर्नेछ । ग्राहकले चाहेमा यो सेवा समाप्त गर्न सक्नेछ । यदि ग्राहकले उक्त बमोजिम सेवा समाप्त नगरेमा शुल्कमा भएको परिवर्तनलाई स्वीकार गरेको मानिने छ । ई-बैंकिङ्ग/एम-बैंकिङ्गको प्रयोगबाट रकम स्थानान्तरण गर्ने लगायतका सम्पूर्ण कारोवारहरुको लागि ग्राहकले तोके बमोजिम मनोनित गरेको खाता(हरु) बाट संस्थाले खर्च (डेबिट) गर्नेछ । सेवाको प्रयोग मार्फत गरेका कारोवारका रकमहरु तथा त्यस्ता कारोबार(हरु) संग सम्बन्धित शुल्कहरुको रकम खर्च गर्न ग्राहकले संस्थालाई विनाशर्त र अपरिवर्तनीय रुपमा आफ्नो मनोनीत खाता(हरु) खर्च गर्न अधिकार प्रदान गर्दछ ।

संस्थाले आफ्नो स्वः विवेकमा यी शर्त तथा बन्देजहरुमा गर्न सक्ने संसोधनहरुलाई समेत पूर्णरुपमा पालना गर्न ग्राहक मञ्जुर गर्द छ । संस्थाले त्यस्ता परिवर्तनहरु आफ्नो स्वविवेकमा ईमेल मार्फत वा वेभसाईटमा पोष्ट गरेर वा सार्वजनिक सूचना मार्फत ग्राहकलाई पूर्व सूचना दिन प्रत्यन गर्नेछ । संस्थाले त्यस्तो सूचना प्रदान गरे पश्चात् पनि यदि ग्राहकले सेवाको प्रयोग बन्द नगरेमा त्यस्तो परिवर्तन वा फेरवदलमा ग्राहकको मञ्जुरी रहेको मानिने छ र त्यस्तो थप तथा संसोधित शर्त तथा बन्देजहरु ग्राहकलाई पूर्णरुपमा बन्धनकारी हुनेछन् ।

## प्रत्याभूति

ग्राहकले ई-बैंकिङ्ग/एम-बैंकिङ्ग (एमएमएस बैंकिङ्ग) सुविधा मार्फत वास्तविक प्रयोगकर्ता नाम र पासवर्डको प्रयोग गरि दिएको कुनै निर्देशनको संस्थाले असल नियमले गरेको कार्यान्वयन वा कार्यान्वयन गर्न छुट वा इन्कार गरेको कारणले कुनै पनि समयमा हुन सक्ने कुनै कारवाहीको माग, कानूनी मुद्दा, दावी, क्षति, नोक्सानी वा अन्य कुनै खर्च वा दायित्व जे भएतापनि सो को संस्था तथा संस्थाका सहयोगी व्यक्ति/संगठनलाई क्षतिरहित वा मुक्त राख्न ग्राहकले विना शर्त सधैंभरि मञ्जुर गर्दछ । ग्राहकले ई-बैंकिङ्ग/एम-बैंकिङ्ग (एसएमएस बैंकिङ्ग) सुविधा उपयोग गरेको वा अन्य अनाधिकृत व्यक्तिहरुलाई सुविधा प्रयोग गर्न दिएको वा सुविधालाई अनाधिकृत प्रयोग हुनबाट बचाउन नसकेको कारणले ग्राहककलाई कुनै नोक्सानी वा क्षति भएमा सोबाट समेत संस्था वा संस्थाका सहयोगी व्यक्ति/संगठनलाई क्षतिरहित वा मुक्त राख्न ग्राहकले मञ्जुर गर्दछ ।

## सुविधाको समाप्ती

ग्राहकले उचित समयको अग्रिम लिखित सूचना सहित सेवा समाप्त गर्न संस्थासमक्ष अनुरोध गरेर यस सुविधाको समाप्ती गर्न सक्नेछ । सुविधा समाप्तिको लागि ग्राहकले गरेको अनुरोध कार्यान्वयन नहुँदासम्मको अवधिको लागि यसका शर्त तथा बन्देजहरुमा ग्राहक थयावत रुपमा बन्धनकारी हुनेछ ।

ग्राहक यस सुविधाको प्रयोग सम्पत्ति शुद्धिकरण र वा आतंककारी क्रियाकलापमा सघाउ पुग्ने गरी गरेको पाइएमा सुविधा समाप्त गरी कानून बमोजिम कारवाही अगाडी बढाइनेछ । संस्थाले ग्राहकलाई दिएको उक्त सुविधा विना पूर्व सूचना आफ्नो स्वविवेकमा समाप्ती गर्न वा अस्थायी रुपले सम्पूर्ण सुविधा वा सुविधाको कुनै अंश फिर्ता लिन मर्मत तथा सुधारको प्रयोजनले वा सुरक्षाको कारणले वा केही समयको लागि सेवा सुचारु हुन नसक्ने अन्य कुनै बाध्यात्मक कारणले विना पूर्व सूचना सबै वा कुनै सुविधा अस्थायी रुपले निलम्बन गर्न सक्नेछ । संस्था खाता बन्द भएमा, प्रयोगकर्ताको मृत्यु भएमा, तोकिएको खाता संचालन गर्ने प्रयोगकर्ताको अधिकार समाप्त भएमा, सुविधा उपयोग गर्न ग्राहकले खातामा कायम गर्नुपर्ने न्यूनतम मौज्दात रकम कायम गर्न नसकेमा र/वा ग्राहक कालोसूचिमा समावेश भएमा र/वा ग्राहकले कर्जा वा अन्य त्यस्तै दायित्व नतिरि वक्यौता रहेमा समेत ग्राहकको यो सुविधा समाप्त गरिनेछ । ग्राहकको कुनै वा सबै सेवा समाप्तीको यो प्रावधान संस्थाको स्वविवकेकीय अधिकारमा प्रतिकुल प्रभाव नपर्ने गरि ग्राहकलाई उचित समय दिई प्रयोग गरिने छ ।

## लागुहुने कानून

यस करारका सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा यसै करारमा उल्लेख गरिएका शर्त तथा बन्देजहरु, प्रचलित नेपाल कानून तथा नेपाल राष्ट्र बैंकले समय समयमा जारी गर्ने निर्देशन/परिपत्रहरु अनुरुप समाधान गरिनेछ । आवेदकले यसमा उल्लेखित सम्पूर्ण शर्त तथा बन्देजहरु पढि बुझि उक्त शर्त तथा बन्देजहरु आफूलाई बन्धनकारी हुने कुरामा आफ्नो मञ्जुरी स्वरुप दस्तखत गरेको छ ।

.......................................

खातावालाको दस्तखत

## शर्त तथा बन्देजहरु (Terms and Conditions for Debit Card)

१. यो शर्त तथा वन्देजहरुमा प्रयोग गरिएका संक्षेपीकरण देहाय वमोजिम हुनेछन् ।
(क) “कार्ड” भन्नाले संस्थाबाट जारी गरिएको डेबिट कार्ड लाई जनाउँछ ।
(ख) “संस्था” भन्नाले रिलायन्स फाइनान्सलाई जनाउँछ ।
(ग) “कार्ड” धारक भन्नाले रिलायन्स डेबिट कार्डको सुविधा लिने व्यक्तिलाई जनाउँछ ।
(घ) “एटिएम” भन्नाले Automated Teller Machine लाई जनाउँछ ।
(ङ) “मुख्य कार्ड” भन्नाले खातावालालाई शुरुमा जारी गरिएको रिलायन्स डेबिट कार्डलाई जनाउँछ ।
(च) “पुरक कार्ड” भन्नाले खातावालाले अख्तियारी प्रदान गरी अन्य व्यक्तिको नाममा जारी गरिएको अतिरिक्त डेबिट कार्डलाई जनाउँछ ।
(छ) “पिओएस” भन्नाले विक्रेता स्थलमा अवस्थित Point of Sale Terminal लाई जनाउँछ.
(ज) “पिन” भन्नाले संस्थाले कार्ड धारकलाई कार्ड प्रयोग गर्न दिइएको व्यक्तिगत परिचयात्मक नम्वरलाई जनाउँछ ।
(झ) “खाता नंवर” भन्नाले प्रमुख कार्ड धारकले तोके वमोजिमको संस्था खाता नम्वरलाई जनाउँछ ।

२. कार्ड हरेक समय संस्थाको सम्पत्ति हो भन्नेकुरा कार्ड धारकले पूर्ण तवरबाट आत्मसाथ गरेको एवं स्वीकार गरेकोछ । कुनै कारणवश सदस्यता समाप्ती वा कार्डको सुविधाबाट वञ्चित गरिएको सूचना कार्डधारकले प्राप्त गरेमा ७ दिन भित्र कार्ड संस्थालाई फिर्ता गर्नुपर्नेछ ।

३. कुनै पनि अवस्थामा कार्ड अन्य कसैलाई हस्तान्तरण गर्न पाईदैन र यसको प्रयोग कार्ड धारकले मात्र गर्नुपर्नेछ ।

४. कार्ड धारकले उपलव्ध गराएको कुनै पनि सूचना झुठा एवं भ्रामक पाइएमा र/अथवा कार्डको दुरुपयोग गरेको पाइएमा जारी गरिएको कार्ड कुनै पनि समयमा खिच्ने/वदर गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

५. प्रमुख र पुरक कार्ड प्रयोग गरी रकम निकाल्ने लगायत सम्पूर्ण कारोवारहरुको लागि कार्ड धारकको तोकिए वमोजिम खाता(हरु)बाट संस्थाले रकम कट्टा गर्नेछ । यस प्रयोजनको लागि कार्ड धारकले संस्थालाई आफ्नो तोकिएको खाताबाट प्रमुख एवं पुरक कार्ड प्रयोग गरी गरिएको कारोवारको रकम एवं कारोवार रकमको शुल्क कट्टा गर्न विना शर्त एवं अपरिवर्तनिय ढंगबाट अख्तियार प्रदान गरेको छ ।

६. कार्ड र कार्डबाट प्रदान गरिने सेवाहरु सम्वन्धित संस्थाद्वारा तोकिएको सम्पूर्ण शुल्क तथा दस्तुरहरु तोकिएको खाता (हरु) बाट संस्थाले कट्टा गर्नेछ ।

७. तोकिएको संयुक्त खाताहरुको सम्वन्धमा यस्तो कार्डद्वारा गरिएको सम्पूर्ण कारोवार(हरु)को लागि सबै सदस्यहरु संयुक्त र एकल रुपमा जिम्मेवार हुनेछन् । संयुक्त खाता(हरु)को हकमा एक संयुक्त धारकलाई मात्र कार्ड जारी गरिएको भए सोलाई अन्य खातावाल(हरु)ले सहमती प्रदान गर्नेछन र कार्डजारी गर्ने आवेदन फारममा सहमती दिनेछन् । संयुक्त खातावाला(हरु) मध्ये कसैले कार्डको प्रयोगबाट “भुक्तानी कारोवार रोक्न (Stop Payment Transaction)” निर्देशन दिएमा उनीहरुको संयुक्त खाता(हरु)को हकमा कुनै कारोवार गर्न अनुमति दिइने छैन् ।

८. कार्ड धारकले संस्थाले समय समयमा तोके वमोजिम न्यूनतम निक्षेप निजको खाता (हरु)मा सधै कायम राख्नुपर्नेछ ।

९. कुनै पनि समयमा सदस्यता खारेज गर्ने, कार्डमा प्रदान गरिएका सुविधाहरुबाट वञ्चित गर्ने वा म्याद गुज्रेको कार्ड नविकरण नगर्ने र कार्ड फिर्ता बुझाउनको लागि कार्ड धारकलाई बोलाउन सक्ने अधिकार संस्थामा निहित रहनेछ । सुविधाहरु वञ्चित गरेको वा सदस्यता खारेज गरेको सूचना पश्चात कार्डको प्रयोग गर्नु धोखा धडी मानिनेछ र यसो गरेको पाईएमा संस्थाले प्रचलित कानून अनुसार कारवाही गर्न सक्नेछ ।

१०. यो कार्ड धारकले भारतका सिमावर्ती शहरहरुबाट अत्याधिक रकम प्रयोग गर्ने गरेको पाईएमा सोको अनुसन्धान गरी कानुन बमोजिम कारवाही गर्न सकिनेछ । कार्ड धारकले कार्डको प्रयोग सम्पत्ति शुद्धिकरण तथा आतंककारी क्रियाकलापमा सघाउ पुग्ने गरी गरेको पाईएमा तत्काल कार्ड ब्लक गरी कारवाही अघि बढाउन सकिनेछ ।

११. कार्डमा उल्लिखित म्यादको अन्तिम मिति समाप्त हुनु भन्दा एक महिना अगाडी कार्ड धारकले संस्थालाई कार्ड रद्द गर्न वा नविकरण नगर्न लिखित निर्देशन दिनुपर्नेछ ।

१२. कार्ड धारकलाई जारी गरिएको कार्ड र पिन नितान्तरुपमा कार्ड धारकको जोखिम र दायित्वमा रहनेछन् । कार्ड धारकले अन्य कुनै व्यक्तिलाई पिन व्यक्त गर्ने छैन र कार्ड धारण गर्न अनुमति दिने छैन । कार्ड धारकको जानकारी वा अख्तियारी भई वा नभई कार्ड प्रयोग गरी गरिएको सम्पूर्ण कारोवारको दायित्व कार्ड धारकले लिनेछ ।

१३. कार्ड चोरी भएमा, हराएमा, बिग्रिएमा र व्यक्त गरिएको पिनको सम्वन्धमा कार्ड धारकले संस्थालाई तत्काल लिखित जानकारी दिनुपर्नेछ । यसरी दिइएको जानकारी पूर्वको कुनै वा सम्पूर्ण कारोवारको जिम्मेवारी कार्ड धारकको हुनेछ ।

१४. कार्ड धारकको दैनिक नगद कारोवारको सिमा र खरिद सहितको दैनिक कारोवार सिमा निर्धारण गर्ने र संस्थाको आफ्नो एटिएमबाट प्रदान गरिने नोटको दर निर्धारण गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

१५. दैनिक POS कारोवारको सिमा निर्धारण गर्ने अधिकार संस्थामा निहित रहनेछ ।

१६. कार्डको वा एटिएम वा POS को खरावीले त्यस्ता मेशीनमा अपर्याप्त रकम भएकोले यान्त्रिक वा विद्युतीय प्रवाहको खरावीले वा अन्य कारणले उत्पन्न कुनै पनि वा जुन सुकै कारणले एटिएम वा विक्रेताको स्थलमा रहेको POS बाट सेवाहरु प्राप्त गर्न नसकिएमा संस्था कुनै पनि प्रकारले जवाफदेही हुने छैन ।

१७. कार्ड धारकबाट यहाँ उल्लिखित शर्त तथा वन्देजहरुको पालना हुन नसकि संस्थाले तिरेको एवं व्यहोरेको सम्पूर्ण क्षति, हर्जाना, खर्च वा व्ययको संस्थालाई जानकारी गराई हर्जाना तिर्न कार्ड धारक मञ्जुर गर्दछ ।

१८. यि शर्त तथा वन्देजहरु कार्ड धारकलाई पूर्व सूचना दिई वा नदिई कुनै पनि समयमा परिमार्जन गर्न सक्ने अधिकार संस्थासँग निहित रहनेछ र त्यस्ता परिमार्जित शर्त तथा वन्देजहरु कार्ड धारकलाई वाध्यकारी हुनेछ ।

१९. रकम कारोवारमा कार्ड धारकलाई शंका लागेमा यस्तो कारोवार भएको मितिले ३५ दिन भित्र सोही व्यहोरा उल्लेख गरी लिखित रुपमा संस्थालाई जानकारी गराउनुपर्नेछ । तोकिएको समय भन्दा पछि संस्थालाई जानकारी गराएमा त्यसरी गरिएको दाविमा संस्था उत्तरदायी हुने छैन ।

२०. कार्ड धारकलाई पूर्व सूचना दिई वा नदिई कुनै पनि समयमा शुल्क तथा दस्तुरहरु परिवर्तन गर्ने अधिकार संस्थासँग निहित रहने छ र त्यस्ता परिमार्जित शुल्क तथा दस्तुरहरु कार्ड धारकलाई वाध्यकारी हुनेछ ।

.................................
खातावालाको दस्तखत

.........................................
रिलायन्स फाइनान्स लि.